# सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम झिक्ने तथा विनियोजन गरी खर्च गर्ने अधिकारको व्यवस्था गर्ने अध्यादेश, २०६९ का सम्बन्धमा माननीय अर्थमन्त्री वर्षमान पुनज्यूले दिनुभएको जानकारी वक्तव्य

**आदरणीय दाजुभाइ, दिदीबहिनी तथा मित्रहरु,**

१. आर्थिक वर्ष २०६८/०६९ को वार्षिक बजेट व्यवस्थापिका संसदसमक्ष प्रस्तुत भैसकेको अवस्थामा वर्तमान सरकार गठन भएको थियो । आफ्नो नीति तथा कार्यक्रमका आधारमा बजेट तर्जुमा गरी कार्यान्वयनमा जाने सरकारको अधिकारलाई समेत थाँती राखी राजनीतिक सहमतिमा कुनै किसिमको प्रतिकूल असर पर्न नदिन सरकारले त्यसबेला आफ्नो त्यागको भावना प्रदर्शन गऱ्यो । उदारताका साथ पूर्ववर्ती सरकारको नीति कार्यक्रम समावेश भएको बजेटलाई कार्यान्वयनमा ल्यायो । कार्यान्वयनको क्रममा पूरक बजेट ल्याउन सक्ने अवसर हुँदाहुँदै पनि शान्ति, संविधान र आर्थिक विकासको प्रत्याभूतिको लागि सोही बजेटलाई निरन्तरता दिइयो ।

२. यसैबीच २०६९ जेठ १४ गते संविधान सभाको अवसानले आर्थिक बर्ष २०६९/७० को वार्षिक बजेट प्रस्तुत हुन सकेन । निर्वाचन सम्पन्न गर्ने, शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने, साझा आर्थिक विषयहरुलाई सम्बोधन गर्ने, आर्थिक वृद्धिदरलाई तीव्र बनाउने, रोजगारी सिर्जना गर्ने, आर्थिक विकासका प्रतिफलहरुको न्यायोचित वितरण गर्ने, विकासलाई समावेशी बनाउने विषयहरुलाई प्राथमिकतामा राखेर नेपालको अन्तरिम संविधानले गरेको व्यवस्था बमोजिम अध्यादेशको माध्यमबाट वार्षिक बजेट ल्याउन सरकारले प्रयास गरेको थियो । त्यसका लागि सबै राजनीतिक दलहरु, पूर्व अर्थमन्त्रीहरु, निजी क्षेत्रका संघसंस्था तथा व्यवसायीहरु, विद्वान अर्थशास्त्रीहरु सबैको सल्लाह र सुझावका आधारमा साझा नीति तथा कार्यक्रम बनाई बजेटको तयारी गर्न सबैसँग सरकारले अनुरोध गरिरह्यो ।

३. विगतमा प्रतिपक्ष राजनीतिक दलहरुसँग सरसल्लाह नै नगरी एकतर्फी रुपमा कामचलाउ सरकारले अध्यादेश मार्फत बजेट जारी गरेको इतिहाँस हामीसँग नभएको होइन । यति हुँदाहुँदै पनि वर्तमान सरकारले राजनीतिक सहमति, संविधान निर्माण र आर्थिक समृद्धि हासिल गर्ने विषयलाई सर्वाधिक महत्व दिएर बजेट निर्माणमा पनि सहमतिलाई नै जोड दियो । सहमतिका लागि सरकारले जतिसुकै प्रयास गर्दा पनि विपक्षी प्रमुख राजनीतिक दलहरुबाट यसप्रति उदासिनता प्रदर्शन भई नै रह्यो । कुर्सी प्राप्तिको हतियारको रुपमा बजेटलाई उपयोग गर्न खोजियो । यति हुँदाहुँदै पनि राजनीतिक सहमतिलाई नै केन्द्रमा राखेर आर्थिक वर्षको शुरुमा सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम झिक्ने तथा खर्च गर्ने अधिकारको व्यवस्था गर्ने अध्यादेश, २०६९ मार्फत तत्कालको आवश्यकता सम्बोधन गर्ने र यथाशीघ्र सहमति जुटाई पूर्ण बजेट ल्याउने निष्कर्षमा पुगी सो अनुसार गत आर्थिक वर्षको कूल व्यय रकमको एक तृतीयांशमा नबढ्ने गरी २०६९ साल असार ३१ मा अध्यादेश मार्फत बजेट जारी गरियो ।

४. आर्थिक वर्षको पहिलो चौमासिक अवधि समाप्त भैसक्दा पनि दलहरुको बीचमा अनेकौं प्रयासका बाबजूद सहमति जुट्न सकेन । वार्षिक बजेटको अभावमा आर्थिक नीति, विकासका कार्यक्रम र आयोजनाहरुको सञ्चालनमा अनिश्चितता बढ्न थाल्यो । यो अनिश्चितताले गर्दा विकास आयोजनाहरुमा हुने पूँजीगत खर्चमा उल्लेख्य सुधार आउन सकेन । दैनिक प्रशासन र सार्वजनिक सेवा प्रवाह असजिलो हुँदै गयो । सरकारी अस्पतालबाट निःशुल्क रुपमा वितरण गरिने औषधि, कैदी, बन्दी र थुनुवाको सिदा, सामाजिक सुरक्षाका भत्ता तथा सुविधाहरु, सेना तथा प्रहरीको राशन, राष्ट्रसेवकहरुको तलब भत्ता र पेन्शन जस्ता अनिवार्य दायित्वका भुक्तानी दिन रकम अभाव देखियो । निजी क्षेत्र लगानी अभिवृद्धिमा उत्साहित हुनुको सट्टा उदासिन हुन थाल्यो । वैदेशिक सहायताको उपयोगमा समस्या सिर्जना हुँदा दातृ समुदाय र विकास साझेदारको नेपालप्रतिको विश्वासमा ह्रास आउने सम्भावना बढ्दै गयो ।

५. यी घटनाक्रमहरु अर्थतन्त्रको गतिशीलता र आर्थिक समृद्धिका लागि वाधक हुने भएकाले यथाशीघ्र सहमति जुटाई संवैधानिक प्रावधान अनुसार अध्यादेश मार्फत पूर्ण बजेट ल्याउन सरकारले सबै राजनीतिक दलहरुसँग सहयोगका लागि पुनः अनुरोध गऱ्यो । गठबन्धनका तर्फबाट अध्यक्ष क. प्रचण्डले, सरकारको तर्फबाट सम्माननीय प्रधानमन्त्री र म स्वयम्ले प्रमुख राजनीतिक दलका शीर्ष नेताहरु र पूर्व अर्थमन्त्रीहरुसँग विभिन्न चरणमा छलफल गर्ने काम भयो । प्रमुख राजनीतिक दलहरुसँग बजेट निर्माणका लागि प्रतिनिधि पठाउन लिखित अनुरोध गर्दा समेत प्रतिनिधि पठाउने काम भएन । संविधान निर्माण, आर्थिक समृद्धि र रोजगारी सिर्जनालाई प्राथमिकतामा राखेर सबैलाई स्वीकार्य हुने साझा नीति तथा कार्यक्रमका आधारमा बजेट तर्जुमा गर्न हदैसम्म लचिलो हुँदाहुँदै पनि प्रमुख राजनीतिक दलहरुबाट सहयोग प्राप्त भएन । प्रतिपक्ष राजनीतिक दलहरुबाट राष्ट्र, जनता र अर्थतन्त्रप्रति देखाइएको गैरजिम्मेवारीपनालाई इतिहासले मूल्यांकन गर्नेछ । कुन राजनीतिक दल आर्थिक समृद्धि र जनकल्याणमा समर्पित छ र कुन राजनीतिक दल हदैसम्मको गैरजिम्मेवार छ भन्ने विषय जनताका अगाडि घाम जत्तिकै छर्लङ्ग भएको छ ।

**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,**

६. यस्तो विषम परिस्थितिमा पनि सरकार राष्ट्र र जनताप्रति जिम्मेवार हुँदै राजनीतिक सहमतिको आधारमा पूर्ण बजेट ल्याउन प्रयत्नशील रह्यो । तर नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८(१) बमोजिम सम्मानननीय राष्ट्रपतिज्यूबाट विनियोजन अध्यादेश २०६९, ऋण तथा जमानत अध्यादेश २०६९, राष्ट्र ऋण उठाउने अध्यादेश २०६९ जारी हुने अवस्था देखिएन । सरकारको निरन्तर प्रयाशका बाबजूद पूर्ण बजेटको सट्टा अन्तरिम संविधान, २०६३ को धारा ८८(१) बमोजिम **"सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम झिक्ने तथा विनियोजन गरी खर्च गर्ने अधिकारको व्यवस्था गर्ने अध्यादेश, २०६९"** जारी भएको छ ।

**यो अध्यादेशका प्रमुख व्यवस्थाहरुका बारेमा चर्चा गर्नुभन्दा अगाडि म मुलुकको आर्थिक स्थितिको संक्षिप्त समीक्षा प्रस्तुत गर्न चाहन्छु ।**

७. आर्थिक वर्ष २०६८/६९ मा कुल गार्हस्थ उत्पादन वृद्धिदर विगत ३ वर्ष यताकै उच्च रही आधारभूत मूल्य र उत्पादकको मूल्य दुवैमा ४.६ प्रतिशत रह्यो। अघिल्लो वर्ष यस्तो वृद्धिदर आधारभूत मूल्यमा ३.८ प्रतिशत र उत्पादकको मूल्यमा ३.९ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षमा कुल गार्हस्थ उत्पादन वृद्धिदर आधारभूत मूल्यमा ५.१ प्रतिशत र उत्पादकको मूल्यमा ५.३ प्रतिशत रहने अनुमान गरिएको छ ।

८. आर्थिक वर्ष २०६७/६८ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति दर ९.६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६८/६९ मा सुधार भई वार्षिक औसत उपभोक्ता मुद्रास्फीतिदर ८.३ प्रतिशत रह्यो। आर्थिक वर्ष २०६९/७० को तेस्रो महिनामा उपभोक्ता मुद्रास्फीतिदर वार्षिक विन्दुगत आधारमा १०.८ प्रतिशत पुगेको छ। अघिल्लो आर्थिक वर्षको चौथो त्रयमासदेखि आपूर्ति व्यवस्थापनमा व्यवधान आएकोले पनि खाद्य तथा पेय पदार्थ समूह र गैर-खाद्य तथा सेवा समूह दुवैको मूल्यमा वृद्धि भई समग्र उपभोक्ता मुद्रास्फीतिदर बढ्न गएको हो । तथापि आगामी महिनाहरुमा मूल्य वृद्धिदरमा सुधार भई वार्षिक औसत मुद्रास्फीतिदर ८.० प्रतिशतमा रहने अनुमान छ ।

९. नेप्से सूचकांकमा क्रमिक सुधार आई ५०० विन्दू नाघेको छ। घरजग्गा व्यवसाय पनि सुधारोन्मुख देखिएको छ ।

१०. आर्थिक वर्ष २०६९/७० को तीन महिनासम्ममा निर्यात १४.९ प्रतिशत र आयात ३६.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा निर्यात १७.८ प्रतिशत र आयात १४.५ प्रतिशतले बढेको थियो । निर्यातको तुलनामा आयात वृद्धि उच्च रहन गएकोले निर्यात-आयात अनुपात १८.५ प्रतिशतबाट घटेर १५.२ प्रतिशत रहेको छ ।

११. चालु आर्थिक वर्ष २०६९/७० को दुई महिनासम्ममा रु.३ अर्व ८२ करोडको शोधनान्तर बचत रहेको छ ।

१२. २०६९ असोज मसान्तमा रु.४२८ अर्व बराबरको विदेशी विनिमय सञ्चिति रहेको छ। आर्थिक वर्ष २०६९/७० को पहिलो दुई महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ९.५ महिनाको वस्तु आयात र ८.० महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको देखिन्छ ।

१३. २०६९ असोज मसान्त सम्ममा कुल सरकारी खर्च अघिल्लो वर्षको सोही अवधिको तुलनामा २३.४ प्रतिशतले वृद्धि भई रु.५२ अर्व ५८ करोड पुगेको छ ।

१४. आर्थिक वर्ष २०६८/६९ मा राजस्व परिचालन २२.२ प्रतिशतले वृद्धि भई रु.२४४ अर्व ३६ करोड पुगेको थियो । आयातमा भएको वृद्धि र सेवा क्षेत्रको वृद्धिले राजस्वमा उल्लेख्य वृद्धि हुन गएको थियो । २०६९ असोज मसान्त सम्ममा राजस्व परिचालन ३१ प्रतिशतले वृद्धि भई रु.५७ अर्व ४२ करोड पुगेको छ ।

१५. राजस्वको उच्च वृद्धिदर र सरकारी खर्चमा अपनाइएको मितव्ययिताको नीतिले संक्रमणकालमा समेत वित्तीय सन्तुलन कायम राख्न सफलता मिलेको छ ।

१६. वाणिज्य बैंकहरुमा तरलताको स्थिति राम्रो रहंदा रहंदै पनि उद्योग तथा उत्पादनशील क्षेत्रमा अपेक्षित रुपमा लगानी नहुनु र निर्माण क्षेत्र कमजोर हुनु जस्ता कारणले अर्थतन्त्रमा अपेक्षित गतिशिलता आउन नसकेतापनि आर्थिक वर्ष २०६८/६९ मा बाह्य क्षेत्र सबल रहनु, आर्थिक वृद्धिदर लक्ष्यको हाराहारीमा पुग्नु र वित्तीय सन्तुलन कायम हुनुजस्ता सकारात्मक प्रवृत्ति देखिएका छन् ।

१७. यी तथ्याङ्कहरुको विश्लेषण गर्दा समष्टिगत आर्थिक परिसूचकहरु अनुकूल देखिएका छन् । यी सकारात्मक परिसूचकहरुले आर्थिक क्रियाकलापको विस्तार गर्न, भौतिक पूर्वाधारका ठूला आयोजना सञ्चालन गर्न र औद्योगिक एवं सेवा क्षेत्रमा लगानी आकर्षित गर्न सुदृढ आधार निर्माण गरेका छन् ।

**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,**

१८. यो अवस्थाबाट फाइदा लिंदै अर्थतन्त्रलाई थप गतिशील बनाउन, आर्थिक वृद्धिदरलाई दोहोरो अंकको आर्थिक वृद्धितर्फ उन्मूख गराउन, रोजगारीको अवसर सिर्जना गर्न, गरिबी घटाउन, विकासका प्रतिफलहरुको न्यायोचित वितरणलाई सुनिश्चित गर्न र समष्टीगत आर्थिक स्थायित्व हासिल गर्न सरकार, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, दातृ समुदाय र सर्वसाधारण नेपाली जनताहरुबाट पूर्ण बजेटको अपेक्षा गरिएको थियो । दुर्भाग्यबश पूर्ण बजेट प्राप्त गर्ने नेपाली जनताको चाहना फेरि पनि पूरा हुन सकेन ।

**अध्यादेशबाट गरिएका केही प्रमुख व्यवस्थाहरु**

१९. सेवा र कार्यहरुका लागि सञ्चित कोषबाट रकम झिक्ने तथा विनियोजन गरी खर्च गर्ने अधिकारको व्यवस्था गर्ने अध्यादेशले रु. ३ खर्ब ५१ अर्ब ९३ करोड ६७ लाख बराबरको खर्च गर्ने अधिकार दिएको छ । यसमध्ये सञ्चित कोषमाथि व्ययभार हुने रकम रु. ५१ अर्ब २९ करोड ५७ लाख छ भने सञ्चित कोषबाट व्ययभार हुने रकम रु. ३ खर्ब ६४ करोड १० लाख रहेको छ ।

२०. खर्च गर्न अधिकार प्राप्त भएको रकम मध्ये चालुतर्फ रु. २ खर्ब ४६ अर्ब ८७ करोड ३३ लाख छ भने पूँजीगतमा रु. ५१ अर्ब ३४ करोड ३९ लाख रहेको छ । यसैगरी वित्तीय व्यवस्थातर्फ रु. ५३ अर्ब ७१ करोड ९५ लाख रहेको छ ।

२१. सरकारले प्रमुख प्राथमिकतामा राखेको निर्वाचनका लागि आवश्यक रकम व्यवस्था गरिएको छ । सेना समायोजन र राष्ट्रिय विकास तथा सुरक्षा महानिर्देशनालय गठन गर्न लाग्ने खर्च व्यवस्था भएको छ ।

२२. शान्ति सुरक्षा एवं दैनिक प्रशासनिक कार्यहरुको नियमित सञ्चालनका लागि आवश्यक रकम कमी हुनेछैन ।

२३. सामाजिक सुरक्षा अन्तर्गत उपलब्ध गराइँदै आएको विभिन्न भत्ता तथा सुविधाहरुका लागि रकम व्यवस्था गरिएको छ ।

२४. सर्वसाधारणलाई निःशुल्क उपलब्ध गराइने औषधि, अस्पतालका बिरामीहरुको खाना, कैदी, बन्दी र थुनुवाहरुको सीदा र राष्ट्रसेवकहरुको तलबभत्ता, निवृत्तिभरण लगायतका सुविधाहरुको लागि आवश्यक रकम व्यवस्था गरिएको छ ।

२५. बैदेशिक सहायतामा सञ्चालित आयोजनाहरुको लागि आवश्यक पर्ने म्याचिङ्ग फण्डको व्यवस्था गरिएको छ ।

२६. संचालनमा रहेका राष्ट्रिय गौरवका आयोजनाहरु र राष्ट्रिय प्राथमिकताका आयोजनाहरुका लागि रकम व्यवस्था गरिएको छ ।

२७. अध्यादेशको सीमाभित्र रही सम्पन्न भैनसकेका क्रमागत आयोजनाहरुको लागि निरन्तरता दिन सरकारले यथासंभव प्रयास गर्नेछ ।

२८. गत आर्थिक वर्षमा कार्यान्वयनमा रहेका राजस्व सम्बन्धी नीतिहरुलाई निरन्तरता दिइनेछ । आर्थिक ऐन, २०६८ बमोजिमका करका दरहरु यथावत रहने छन् ।

**आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरु,**

२९. पूर्ण बजेटको अभावमा अर्थतन्त्रमा पैदा हुने गतिहीनतालाई यो अध्यादेशले केही हदसम्म हटाउने विश्वास लिएको छु । त्यसैले राज्य रुपान्तरणको यस संक्रमणकालीन अवस्थामा धैर्यसाथ क्रियाशील रहन आम जनसमुदाय, निजी क्षेत्र, व्यावसायिक जगतलाई हार्दिक अपिल गर्दछु ।

३०. आर्थिक समृद्धिको संबाहकको रुपमा रहेको निजी क्षेत्रबाट सदा झैं आर्थिक वृद्धिका लागि लगानी बढ्दै जाने विश्वास लिएको छु । निजी क्षेत्रका समस्या र कठीनाईहरु सम्बोधन गर्नका लागि सरकारले सहकार्य गरिरहनेछ । व्यावसायिक लागत घटाई लगानीमैत्री वातावरण निर्माणमा सरकार प्रयत्नशील रहने विश्वास दिलाउन चाहन्छु ।

३१. यसैगरी नेपालको विकास अभियानमा निरन्तर सहयोग र समर्थन उपलब्ध गराउने दातृ समुदायहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । दातृ संस्थाको सहयोगमा संचालन हुने आयोजनाहरुका लागि स्रोत र साधनको कमि हुन नदिने विश्वास दिलाउन चाहन्छु । दातृ संस्थाहरुको निरन्तर सहयोग भैरहने अपेक्षा पनि गरेको छु ।

३२. नयाँ, समृद्ध र न्यायपूर्ण नेपालको जग निर्माण गर्ने क्रममा हामी राजनीतिक संक्रमणको क्षणमा छौं । साझा संकल्पबाट नयाँ युगमा प्रवेश गर्दा केही विलम्ब, केही जटिलता र केही अप्ठ्याराहरु छिचोल्दै जानु पर्ने हुँदो रहेछ । यी परिघटनाहरुबाट शिक्षा लिई उत्साहका साथ अघि बढ्नुको विकल्प छैन । प्रतिपक्ष दलहरुलाई देशको गम्भीर एवं संवेदनशील यस घडीमा दलगत स्वार्थ, कुर्सीमोह र क्षणिक लाभ भन्दा माथि उठेर देशको बृहत्तर हित र समृद्धिका लागि सकारात्मक सोचका साथ राष्ट्रिय सहमति र सहकार्यमा अघि बढ्न हार्दिक अपिल गर्दछु ।

**धन्यवाद ।**